चिलिमे-सेती हाइड्रोपावर कम्पनी लिमिटेड

बोलपत्र आव्हानको सूचना

बोलपत्र नं. CSHC/2082-83/MS/NCB/03 (जनशक्ति आपूर्ति सम्बन्धी)
(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०२/२२)

चिलिमे-सेती हाइड्रोपावर कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय, धुम्बाराही, काठमाडौंमा विभिन्न कार्य गर्नका लागि आवश्यकता अनुसार कार्यालय सहयोगी (एक जना), सेक्यूरिटि गार्ड (एक जना केन्द्रिय कार्यालय, दुई जना आयोजनास्थल), कुक(एक जना), स्विपर/क्लिनर (एक जना), सवारी चालक(दुई जना) र आवश्यक्ता अनुसार थप गर्न सक्ने गरी उपलब्ध गराउने कार्य ठेक्कामा गराउनु पर्ने भएकोले त्यस्ता कामदार आपूर्ति गर्नका लागि नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ।

शर्तहरु:

१. बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालको वेभसाइट www.bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिनेछ। बोलपत्र फाराम दस्तुर चिलिमे-सेती हाइड्रोपावर कम्पनी लिमिटेडको नाममा रहेका मुक्तिनाथ बिकास बैंक, धुम्बाराही शाखाको खाता नं. १३९१०२०१३५१०१३०००००१ मा जम्मा गरेको रु. १,०००/- (अक्षरेपी: एक हजार मात्र) को नगद दाखिला गरेको बैंक भौचरको Scanned Copy दाखिला गर्नु पर्नेछ ।

२. बोलपत्र फाराम खरिद गर्न फर्म, संस्था वा कम्पनीको दर्ता, नवीकरण, इजाजत प्रमाणपत्र, स्थायी लेखा नं. दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र गत आर्थिक वर्ष सम्मको कर चुक्ता प्रमाणपत्र संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ।

३. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात मिति २०८३/०३/२२ गते भित्र खरिद गरिसक्नुपर्ने छ। यसरी खरिद गरिएको बोलपत्र **३१ औं (एकतीसौं) दिन अर्थात** मिति २०८३/०३/२३ गते **दिउँसो १२:०० बजे** सम्ममा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा अपलोड गर्नु पर्नेछ। रीतपूर्वक दर्ता भएको बोलपत्रहरु एकतिसौं दिन **अर्थात** मिति २०८३/०३/२३ गते दिनको **१४:०० बजे** सम्बन्धित बोलपत्रदाताहरुको रोहवरमा (उपस्थित नभए पनि) खोलिनेछ।

४. बोलपत्र फाराम साथ जमानत बापत (बिडबण्ड) रु. ६०,०००/- (अक्षरेपी: साठ्ठि हजार मात्र) चिलिमे-सेती हाइड्रोपावर कम्पनी लिमिटेडको नाममा रहेका मुक्तिनाथ बिकास बैंक, धुम्बाराही शाखाको खाता नं. १३९१०२०१३५१०१३०००००१ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy वा सो बराबरको नेपालस्थित कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा

जारी भएको **<u>कम्तीमा १२० (एक सय बीस) दिन</u>** मान्य अवधि भएको बिना शर्तको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ।

५. बोलपत्र दाताले कबोल गरेको इकाई दररेट अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ। दररेटमा उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेट अनुसार हुने कुल रकम कायम हुनेछ।

६. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा चिलिमे-सेती हाइड्रोपावर कम्पनी लिमिटेडले अबलम्बन गरेको आर्थिक प्रशासन विनियमावली वा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

७. बोलपत्र फाराम आंशिक वा पूर्णरुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

९. बोलपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ।